# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं कार्तिक ६ गते २०१२ साल [ संख्या २५

### अर्थमन्त्रालयको सूचना

०१३ रा. बैंक २१ [२]०-७२१ मिति ०१३।६।२५।४

नेपाल राष्ट्र बैंक बैंकिंग आफिसबाट डिपोहरूमा र डिपोहरूबाट काठमाडौं बैंकिंग आफिसमा वा कुनै एक डिपोबाट अर्को डिपोमा समेत तपसीलबमोजिम कमिशन र अन्तःशुल्क लिई ड्राफ्ट र टि.टि. चलाउने भएको बेहोरा सर्वसाधारणलाई ज्ञात होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिदिएको छ।

तपसील

तल लेखिएबमोजिम कमिशन शुल्क लिने:—

[क] कमिशन

| परिमाण | बैंकलाई | अरू गैर सरकारी संस्था वा सर्वसाधारणलाई |
|---|---|---|
| रु. १०,०००। सम्म सयकडा— | ।२० बीस पैसा | ।३० तीस पैसा |
| रु. १०,०००। देखि माथि- | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई शयकडा — ।२० बीस पैसा ।२५ पच्चीस पसा
न्यूनतम कमिशन रु. — १।२५ १।२५

[ख] अन्य शुल्क [सबैलाई एक समान दरले]

भारतीय पोष्ट अफिसबाट एक्सप्रेस तारद्वारा पठाउने भएमा १ कलमको मो. रु. सात रुपैयाँ — ७।

भारतीय पोष्ट अफिसबाट चिठ्ठीद्वारा पठाउने भएमा १ कलमको मो.रु. एक रुपैयाँ पचास पैसा —१।५०

नेपाली आकाशवाणीबाट पठाउने भएमा ऐ. ऐ. मो.रु. चार रुपैयाँ पचास पैसा —४।५०

नेपाली टेलिफोनबाट पठाउने भएमा ऐ.ऐ. मो. रु. दुइ रुपैयाँ पच्चीस पसा —२।२५

नेपाली हुलाकबाट पठाउने भएमा ऐ ऐ एक रुपैयाँ —१।

सरकारी कारोबारमा कमिशन चलिने अन्य शुल्क माथि लेखिएबमोजिम लिन ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। मुद्रण विभाग, सिंहदरबार

246